ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
*More than a Bank*
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था"

कम्पनी दर्ता नं. : १०६५/०६४/०६५
इजाजतपत्र नं. : ने.रा.बैंक/इ.प्रा./"ख"/६१/०६४/०६५
पान नं. : ३०२९६११३५


304839

**च.नं.** : 53-JBBL-OCS-080/81

मिति २०८०/०९/०६

**श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री बित्तीय संस्था सुपरिवेक्षण विभाग**
**बालुवाटार, काठमाडौं ।**

**श्री नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौं ।**

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**
**पुतलीसडक, काठमाडौं ।**

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**श्री एनआईएमबि एस क्यापिटल लिमिटेड**
**लाजिम्पाट काठमाण्डौं**

**बिषय : वार्षिक साधारण सभा तथा Book Close सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ज्योति विकास बैंक लिमिटेडको मिति २०८०/०९/०६ गते शुक्रवार, दिउँसो ३:०० बजे देखी बसेको सञ्चालक समितिको ४७४ औं बैठकको निर्णय अनुसार मिति २०८०/०९/२९ गते हुने १६ औं बार्षिक साधारण सभा सम्बन्धमा देहाय बमोजिमको निर्णय भएको व्यहोरा अनुरोध गर्दछु । साथै सो प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८०/०९/१६ गतेदेखि मिति २०८०/०९/२९ गते सम्म बन्द रहने व्यहोरा समेत जानकारीका लगि अनुरोध गर्दछु ।

**<u>सभा हुने मिति, समय र स्थान :</u>**

**मिति : २०८० साल पुष २९ गते आइतवार (तदनुसार १४ जनवरी, २०२४)**
**समय : विहान ११:०० बजे ।**
**स्थान : लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।**

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०८० आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारीत गर्ने ।

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने( आ.व. २०७९/८० को बाह्य लेखापरिक्षक P.J.P.N & Co. नियुक्तीका लागि योग्य हुनुहुन्छ) ।

(५) सर्वसाधारण शेयरधनी (समूह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने महिला सञ्चालकको समयावधी समाप्त भई रिक्त हुने १ जना सञ्चालकको निर्वाचन गर्ने । यस विकास बैंकको हाल कायम सञ्चालक समितिको संरचना र कम्पनी ऐन २०६३ को दफा ८६ (२) मा एक महिला सञ्चालक अनिवार्य रहनुपर्ने बाध्यात्मक व्यवस्था भए बमोजिम उक्त निर्वाचनमा महिला शेयरधनीले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

**(ख) बिशेष प्रस्ताव :**

(१) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) सञ्चालक समितिका अध्यक्ष र सञ्चालकको भ्रमण भत्ता समयानुकुल समायोजन गर्न बैंकको नियमावली को दफा ३२ को 'ग'मा संसोधन गर्ने र सामुहिक लगानीकोष/PEVC/Hedge Fund जारी गर्नका लागि बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने ।

(३) उपरोक्त उल्लिखित विषयहरुका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

भवदीय,

.............
बलदेव थापा
कम्पनी सचिव

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU